प्रदेश सरकार

लुम्विनी प्रदेश

# शिक्षा विज्ञान युवा तथा खेलकुद मन्त्रालय

**मुकाम:**बुटवल, नेपाल

पत्र सख्या : ०७८/७९

चलानी नं.:

विज्ञसूची (Roaster) तयारीका लागि निवेदन दर्ता गर्नेसम्बन्धी सूचना।

सूचना प्रकाशन मितिः२०७८।८।२७

शिक्षा विज्ञान युवा तथा खेलकुद मन्त्रालयले आर्थिक वर्ष २०७८।७९ को बार्षिक कार्यक्रममा मातृभाषामा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण, उत्पादन र वितरण सम्बन्धि कार्यक्रम रहेकोले पाठ्यपुस्तक लेखन, मूल्याङ्कन लगायतका कार्यलाई प्रभावकारी एवम् सुव्यवस्थित बनाउने उद्देश्यले तपसिलबमोजिमका विषयहरूमा विज्ञसूची तयार गर्नुपर्ने भएकाले तोकिए बमोजिम योग्यता पुगेका इच्छुक व्यक्तिले निम्नानुसारको विवरणसहित सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन भित्र यस मन्त्रालयमा आइपुग्ने गरी तोकिएको ढाँचामा निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशन गरिएको छ।

१. विषयहरू

(क) प्रारम्भिक बालशिक्षा देखि आधारभूत तह (कक्षा १-८) सम्मका विषयहरू मध्ये मातृभाषामा अनुवाद नभएका पाठ्यक्रम र विषयहरु ।

ख) मदरसा, गुरुकुल, संस्कृत, वेद विद्याश्रम, मातृभाषा र गोन्पातर्फका विषयहरू

२. सर्तहरू

(क) विज्ञहरूको सूची दर्तासम्बन्धी निवेदन मन्त्रालयको वेबसाइटमा उपलब्ध गराइएको ढाँचाबमोजिम हुनुपर्नेछ। निवेदनमा उल्लिखित कुराको पुस्ट्याइँ हुने कागजातहरू संलग्न हुनुपर्ने छ । विषयहरूका सन्दर्भमा विज्ञ सूचीमा नाम दर्ता गर्न आधारभूत तहका लागि सम्बन्धित विषयमा न्यूनतम स्नातक तह उत्तीर्ण गरेको हुनुपर्नेछ। माथिल्लो योग्यता सो विषयको प्राध्यापक बा पाठ्यक्रम विज्ञ वा विषय विज्ञ वा सम्बन्धित विषयको लेखक वा शिक्षक वा मूल्याङ्कनकर्ता भएकोलाई प्राथमिकता दिइने छ । मातृभाषा, मदर्सा र गोन्पातर्फ सम्बन्धित बिषयको योग्यता नभएमा कुनै विषयमा न्यूनतम स्तातक गरी सो विषयको शिक्षण वा सम्बन्धित विषयको पाठ्यक्रम तथा पाठ्य सामग्री विकाससम्बन्धी कार्य गरेको वा पाठ्यपुस्तक मूल्याङ्कन गरेको वा विषय विज्ञ वा विषयविद हुनुपर्ने छ ।

(३) बिज्ञको सूचीकरण तथा परिचालन सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार मन्त्रालयमा निहित रहने छ ।

(४) योग्यता र अन्य कागजात (स्थायी लेखा न. प्रमाण पत्र प्रतिलिपि र नेपाली नागरिकताका प्रमाणित प्रतिलिपिमा सम्बन्धित व्यक्तिले प्रमाणित गरेको हुनुपर्ने छ । इमेलबाट आवेदन पठाउने आवेदकहरूले योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र अन्य कागजात स्क्यान गरी निवेदनका साथ एउटै पिडिएफ फाइल बनाइ पठाउनुपर्ने छ ।

उप सचिव

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# शिक्षा विज्ञान युवा तथा खेलकुद मन्त्रालय

**मुकामः** बुटवल, नेपाल

पत्र सख्या : ०७८/७९

चलानी नं.:

**<u>निबेदनको ढाँचा</u>**

श्रीमान सचिवज्यू

शिक्षा विज्ञान युवा तथा खेलकुद मन्त्रालय

लुम्बिनी प्रदेश मुकाम बुटवल

विषयः मातृभाषामा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री विषय विज्ञमा सुचीकृत हुन पाउ।

प्रस्तुत विषयमा त्यस मन्त्रालयमा देहायबमोजिमका मातृभाषामा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री विषयमा विज्ञका रुपमा सूचीकृत हुन तपसिलको विवरणसहित (आवश्यक कागजातसहित) यो निवेदन पेस गरेको छु। ।

हस्ताक्षर .....

निवेदकको नाम

तपसिल

नामथर :

स्थायी ठेगाना : जिल्ला, ... वडा नं. ........

टोल: ....................... सम्पर्क ..

कार्यरत भए संस्थाको नाम : ............,....

मातृभाषामा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री विषयमा विषय विज्ञका रुपमा सूचीकृत हुन चाहेका बढीमा २ (दुई) विषय प्राथमिकता क्रममा राख्नुहुन ।

| क्रस | मातृभाषामा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री विज्ञका रुपमा सूचिकृत हुन चाहेको विषय | विषयसँग सम्बन्धित सम्पादन<br>चाहेको तह र क्षेत्रमा गरेको कार्य अनुभव वर्ष | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# शिक्षा विज्ञान युवा तथा खेलकुद मन्त्रालय

**मुकाम:**बुटवल, नेपाल

पत्र सख्या : ०७८/७९

चलानी नं.:

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
मुकाम: बुटवल, नेपाल

ख) शैक्षिक योग्यता (विषय विज्ञका लागि तोकिएको न्यूनतम र सोभन्दा माथिल्लो योग्यता भए सोसमेत)

| उपाधि | अध्ययन गरेको विषयहरु | उत्तीर्ण बोर्ड | वर्ष | श्रेणी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

ग) तालिम

| तालिमको नाम | तालिम अवधि | तालिम दिने निकाय | तालिम सम्पन्न वर्ष |
|---|---|---|---|
| | | | |
| | | | |

(घ) विषयसँग सम्बन्धित कुनै पुस्तक, सन्दर्भ सामग्री, लेख रचना लेखन, अनुसन्धान आदि कार्य गरेको भए

| क्रस | सामग्रीको नाम | प्रयोजन | प्रकाशन बर्ष | प्रकाशन |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

उल्लिखित विवरण झुठा ठहरे कानुनबमोजिम सहँला बुझाउँला ।

हस्ताक्षर

उप सचिव